बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

खण्ड :०१ संख्या : ११ प्रकाशित मिति :

## भाग- ०२

# बैजनाथ गाउँपालिका आधारभुत तथा माध्यमिक विद्यालयको अनुमति प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७४

गाउँ कार्यपालिका बाट स्वकृत मिति २०७४/१२/२४

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (ज) अन्तरगत आधारभुत र माध्यमिक तहका सामुदायिक र संस्थागत विद्यालय सञ्चालन गर्ने अनुमति प्रदान तथा व्यवस्थापन गर्न अर्को व्यवस्था नभएसम्म तत्कालको लागि बैजनाथ गाउँपालिकाले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद -१
## संक्षिप्त नाम, अर्थ र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यो निर्देशिकाको नाम "बैजनाथ गाउँपालिकामा आधारभुत तथा माधयमिक विद्यालय सञ्चालनको अनुमति प्रदान तथा व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७४ रहेकोछ"

२. **परिभाषा :**

विषय वा प्रसङ्गले अर्को खर्थ नलागेमा यस निर्देशिकामा :

(क) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा हेर्नको लागि तोकिएको प्रमुख अधिकृत कर्मचारीलाई जनाउँछ।

(ख) "गाउँपालिका" भन्नाले बैजनाथ गाउँपालिकालाई बुझाउँछ।

(ग) "निरीक्षक" भन्नाले स्थानीय तहको विद्यालय निरक्षण तथा सुपरिवेक्षण गर्न तोकिएको कर्मचारीलाई जनाउँछ।

(घ) "स्रोत व्यक्ति" भन्नाले बैजनाथ गाउँपालिकाको स्रोतव्यक्तिलाई बुझाउँछ।

## परिच्छेद-२
## विद्यालय खोलने अनुमति सम्बन्धी व्यवस्था

**३. विद्यालय खोल्ने अनुमति दिने :**

विद्यालय खोल्ने अनुमतिको लागि परेका निवेदनमा गाउँपालिकाले निवेदन साथ प्राप्त कागजातहरु विद्यालय निरीक्षकबाट जाँचबुझ गराउनेछ र त्यसरी जाँचबुझ गर्दा प्रस्तावित विद्यालयको लागि विद्यालय नक्साङ्कन र अनुसूची १ बमोजिमको पूर्वाधार पूरा अनुमति दिनेछ।

४. **विद्यालयको प्रकार :**

विद्यालयको अनुमति सामुदायिक वा संस्थागत विदालयको रुपमा दिइने छ। संस्थागत विदालय निजी वा सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालन हुनेछन्।

५ **विद्यालयले पालना गर्नु पर्ने शर्त तथा बन्देज :**

प्रचलित कानुनमा अन्यथा लेखिएका शर्तहरुको अतिरिक्त विद्यालयले पालन गर्नु पर्ने शर्त तथा बन्देजहरु देहाय बमोजिम हुनेछन् :-

(क) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री लागू गर्नु पर्ने,

(ख) पाठ्यक्रम विकास केनद्रको स्वीकृति नलिई थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न नहुने,

(ग) राष्ट्रियता प्रति आँच आउने पाठ्यसामग्री भएको पाठ्यपुस्तक अध्यापन गर्न, गरान नहुने,

(घ) नेपाल सरकारले तोकेको न्यूनतम तलब रकममा नघटाई शिक्षकलाई तलब दिनु पर्ने,

ङ) अभिभावकको वार्षिक भेला गराई विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको जानकारी गराउनु पर्ने,

च) आय व्ययको लेखा राखनु पर्ने,

छ) विद्यालयको गरेको लगानीको अभिलेख राख्नु पर्ने,

ज) विद्यालयमा नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता तथा धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप हुन नदिने,

झ) विद्यालयमा प्रचलित कानुन बमोजिम योग्यता पुगेको शिक्षक तथा कर्मचारीको नियुक्ति गर्ने र त्यसरी नियुक्ति गरिएका शिक्षक तथा कर्मचारीलाई नियुक्ति पत्र दिनु पर्ने ,

ञ) विद्यालयमा नियमित रुपमा अतिरिक्त क्रियाकलाप तथा अन्य कार्यक्रम सञ्चालन गर्नु पर्ने,

ट) विद्यालय तथा छात्रावासमा स्वस्थकर र नैतिक चरित्र निर्माणको वातावरण कायम गर्न आवश्यक व्यवस्था मिलाउने,

ठ) विद्यार्थीको लागि खाना तथा पौष्टिक आहारको गुणस्तर कायम गर्नु पर्ने,

ड) आवासीय विद्यालयले सुरुमा कम्तीमा दश प्रतिशत विद्यार्थीलाई प्रतिस्पर्धा गराई निशुल्क आवासीय सुविधा उपलब्ध गराउनु पर्ने,

ढ) स्थानीय तहले दिएको निर्देशन अनुरुप काम गर्नुपर्ने,

ण) अनुसूची २बमोजिम पूरा गर्नु पूर्वाधारहरु कायम राखनु पर्ने र विद्यार्थी संख्याका आधारमापूर्वाधारको विस्तार तथा स्तर वृद्धि गर्नुपर्ने ,

(त) विदालयको शैक्षिक तथ्याङ्क तयार गरी तोकिएको समय भित्र स्थानीय तहमा पेस गर्नुपर्ने,

(थ) विदालले विदार्थीको लागि प्रयोग गर्ने सवारी साधन प्रचलित कानून बमोजिम नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप परिक्षण गरिएको हुनु पर्ने,

द) विद्यालयको भवन तथाा कक्षाकोठा सफा तथा सुरक्षित राख्नुपर्ने,

(ध) प्रत्येक पाँच वर्षमा विद्यालयको भौतिक परीक्षण गराई त्यसको प्रतिवेदन स्थानीय तहमा पठाउनु पर्ने, ।

**६. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था :** मातृभाषमा शिक्षा दिने कक्षा पाँचसम्मको विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी प्रक्रिया दफा २,३ र ४ मा उल्लेख भए बमोजिम नै हुनेछ ।

७. मुनाफा नलिने विद्यालय सञ्चालन सम्बन्धी व्यवस्था गुरुकुल, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थालेविद्यालय सञ्चालन गर्न निवेदन दिने लगायत त्यस्तो विद्यालयको अनुमति, र कक्षा थप सम्बन्धी व्यवस्था दफा २, ३ र ४ मा उल्लेख भए बमोजिम हुनेछ।

८. **धरौटी राख्नु पर्ने** :

संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नु पर्नेछ :-

क) माध्यमिक विद्यालयको लागि दुई लाख रुपैयाँ,

ख) आधारभूत विद्यालयको लागि एक पचास हजार रुपैयाँ

९. **धरौटी रकम मुद्दती खातामा जम्मा गरिने** :

(१) विद्यालयले दफा ९ बमोजिमको धरौटी वापतको रकम गाउापालिकाले तोकिदिएको बैंकमा विद्यालयको नाममा मुद्दती खाता खोली जम्मा गर्नुपर्नेछ। सो रकम झिकेर खर्च गर्न नपाउने गरी स्थानीय तहबाट रोक्का राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बैंकमा जममा गरिएको रकमबाट प्राप्त भएको ब्याजको रकम विद्यालयको कममा खर्च गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको खाताको सञ्चालन व्यवस्थापन समितिले तोकेको व्यक्ति र गाउँपालिकाले तोकेको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ

१०. **विद्यालयको तह वा कक्षा घटाउन सकिने** :

कुनै विद्यालयको सम्बन्धमा दफा ५ को अवस्था विद्यमान रहेको नदेखिएमा सम्बन्धित वडा शिक्षा समिति र निरीक्षकको सिफारि

समा त्यस्तो विद्यालयमो माथिल्लो तह वा कक्षा गाउँपालिकाले तह घटाउन सक्ने छ।

**११. विद्यालयको कक्षा तथा तह थप गर्न सकिने :**

कक्षा तथा तह थप गर्न निवेदन दिएका विद्यालयको अनुगमन गराई तोकिएको पूर्वाधार पुरा भएको पाईएमा आवश्यक प्रकृया पुरा गरी गाउपालिकाले कक्ष तपको अनुमति दिन सक्नेछ । तर एकै शैक्षिक सत्रमा एक भन्दा बढि कक्ष थप गरिने छैन।

## परिच्छेद - ३

## विद्यालयको वर्गीकरण तथा शुल्क सम्बन्धी व्यवस्था

**१२. विद्यालयको वर्गीकरण तथा शुल्क सम्बन्धी व्यवस्था :**

संस्थागत विद्यालयको लिन पाउने शुल्कको सम्बन्धमा गाउँपालिकाले आवश्यक मापदण्ड वनाउन सक्ने छ। मापदण्डको आधारमा विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णयबाट शुल्क प्रस्ताब गरी गाउँपालिकामा पेस गर्नु पर्ने छ । दफा १३ अनुसारको विद्यालय वर्गीकरण तथा शुल्क अनुगमन समितिको सिफारिशमा शुल्क प्रस्तवको आधारमा विद्यालयले दिने सुविधा सँग तुलना गरी उपयुक्त भएमा शिक्षा अधिकृतले शुल्क प्रस्ताव संशोधन समेत गरी स्वीकृती दिने छ।

**१३. विद्यालय वर्गीकरण तथा शुल्क अनुगमन समिति :**

(१) गाउँ पालिकाले विद्यालयलाई विद्यालयको अवस्था, क्षमता, कार्यसम्पदान आदिका आधारमा चार श्रेणीमा वर्गीकरण गर्नेछ :-

(क) “क” श्रेणीको विद्यालय
(ख) “ख” श्रेणीको विद्यालय
(ग) “ग” श्रेणीको विद्यालय
(घ) “घ” श्रेणीको विद्यालय

(४) उपनियम (३) बमोजिम समितिको सिफारिसलाई जाँचबुझ गरि विद्यालयय वर्गीकरण र शुल्क अनुगमन गर्न तपसिल बमोजिमको समिति रहने छ।

(क) गाउँपालिका अध्यक्ष वा शिक्षा अधिकृत - संयोजक

(ख) गाउँपालिका प्रमुख बाट मानोनित अभिभावक संघ र सो नभएमा अभिभावकहरु मध्येबाट एक जना महिला सहित दुई जना - सदस्य

(ग) निजी तथा आवाशिय विद्यालयको प्रतिनिधि दुई जना - सदस्य

(घ) शिक्षा अधिकृतले मनोनित गरेको शिक्षा विद्ध एक जना - सदस्य

(ङ) गाउँ शिक्षा शाखा अधिकृत वा सो नभए स्रोत व्यक्ति - सदस्य सचिव

विद्यायल लिन पाउन अधिकृत शुल्क सिमा निर्धारण तथा विद्यालयले निर्धारण शुल्क लागु गरे नगरेको सम्बन्धमा अनुगमन गर्न समितिले आफ्नो कार्यविधि आफै तयार गरी विद्यालय वर्गीकरण तथा शुल्क अनुगमन समिति गठन गर्नेछ।

**१४. विद्यालयले पाउने शुल्क तथा धरौटी :**

(१) शुल्क अनुगमन समितिको सिफारिश संस्थागत विद्यालयले विद्यार्थीसँग देहाय बमोजिम शुल्क र धरौटी लिन पाउनेछ तर यसको स्वीकृति स्थानीय तहबाट हुनुपर्नेछ।

(क) मासिक पढाइ शुल्क

(ख) कूल दुइ महिनाको पढाइ शुल्क बराबरको रकममा नबढ्ने गरी खेलकूद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मत सम्भार, पुस्तकालय र प्राथमिक उपचार बापतको वार्षिक शुल्क,

(ग) विद्यालयमा पहिलोपटक भर्ना हुँदा एक पटकको लागि भर्ना हुने कक्षाको एक महिनाको पढाइ शुल्कमा नबढ्ने गरी भर्ना शुल्क,

(घ) विविध शुल्कहरुः

१. परीक्षा शुल्क

२. कम्प्यूटर शुल्क

३. स्थानान्तरण प्रमाणपत्र शुल्क

४. विशेष प्रशिक्षण (जुडो, मार्शल आर्ट, पौडी, गायन, नृत्य जस्ता) शुल्क,

५. आवास शुल्क

६. परिवहन शुल्क

७. भोजन शुल्कम

(२) विद्यालयले एक शैक्षिक शत्रमा बाह्र महिनाभन्दा बढी कुनै शुल्क उठानपाउने छैन।

(३) विद्यालयले उपफा (१) बमोजिमको शुल्क त्यस्तो सुविधा उपयोग गर्ने विद्यार्थीसंग सो सुविधा उपभोग गरेको अवस्थामा मात्र लिन पाउने छ।

(४) सामुदायिक विद्यालयमा अध्यायन गर्ने विद्यार्थी संग उपदफा (१) बमोजिमको शुल्क लिन पाइने छैन

(५) संस्थागत विद्यालयले शिक्षण शुल्कमा १० प्रतिशत गरि वा तथा जेहेन्दार विद्यार्थीलाइ छात्रावृत्ति प्रदान गर्नुपर्नेछ। साथै सोको विवरण सहितको जानकारी स्थानीय तहमा उपलव्ध गराउनु पर्नेछ।

**१५. शुल्क सम्बनधी व्यवस्था ः**

(१) विद्यालयले विद्यार्थीसंग लिने शुल्क कम्पनी वा शैक्षिक गुठीको रुपमा सञ्चालित विद्यालयको लागि छुट्टा छुट्टै हुनेछ।

**१६. सम्बन्धित काममा खर्च गर्नु पर्नेः**
विद्यालयले विद्यार्थीसंग जुन कामकमो लागि शुल्क लिएको हो सोही काममा खर्च गर्नु पर्नेछ ।

**१७. शुल्कको विवरण सूचना पाटीमा टास्नु पर्नेः**
विद्यालयले शुल्कको दर, शुल्क बुझाउने अवधि र प्रकृया सम्बन्धी विवरण विद्यार्थी तथा अभिभावकको जानकारीको लागि विद्यालयको सूचना पााटीमा टाँस्नु पर्ने छ ।

## अनुसूची -१
## (दफा ४ सँग सम्बन्धित)

विद्यालय खोल्नको लागि चाहिने पूर्वाधाहरु :

(क) कक्षा कोठाहरु सामान्यतया नौ फिट उचाइको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनु पर्ने,

(ख) कक्षागत क्षेत्रफल आधाभूत विद्यालयको हकमा प्रति विद्यार्थी १ वर्ग मिटर तथा माध्यामिक विद्यालयको हकमचा १.२० वर्ग मिटर भन्दा कम हुन नहुने ।

(ग) अध्यापन गराइने कक्षा कोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थाको साथै स्वस्थ हुनु पर्ने,

(घ) कक्षा कोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनुपर्ने,

(ङ) यथेक्ष्ट स्वस्थकर खानेपानीको प्रवन्ध गर्नुपर्ने,

(च) प्रारम्भिक बाल शिक्षा केन्द्र बाहेक अन्य विद्यालयमा छात्राको लागि अलग अलग शौचालयको व्यवस्था हुनुपर्ने र प्रत्येक थप ५० जना विद्यार्थीको लागि एक कम्पार्टमेन्ट थप हुनु पर्ने ।

(छ) पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षक निर्देशिका सहितको १

विद्यार्थी बराबर कम्तीमा २ प्रतिका दरले पुस्तक उपलवध भएको पुस्तकालय हुनुपर्ने ,

(ज) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामग्रीहरु जस्तै सेतोपाटी, कालोपाटी, नक्सा, ग्लोव, गणितिय सामग्री आदि हुनु पर्ने ,

(झ) सम्पूर्ण विद्यार्थीहरु एकैसाथ उभिन सक्ने मैदान हुनुपर्ने,

(ञ) प्रारम्भिक बाल शिक्षा केन्द्रमा घर बाहिरका क्रियाकलापहरु सञ्चालन गर्न पुग्ने र अन्य विद्यालयका लागि भलिबल खेल्न मिल्नेसम्मको खेल मैदानको व्यवस्था र खेल सामग्रीको व्यवस्था हुनु पर्ने,

(ट) पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनुपर्ने,

(ठ) सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया देहाय बमोजिम र संस्थागत विद्यालयमा सामान्यतया प्रतिकक्षा कम्तीमा २२ जना देखि बढीमा ४४ जना सम्म र औसतमा ३३ जना विद्यार्थी हुनुपर्नेछ।

उपत्याकातथा तराई क्षेत्रमा ५० जना

(ड) सामुदायिक विद्यालयमा कम्तिमा देहाय बमोजिमको शिक्षकको व्यवस्था हुनुपर्नेः

माध्यामिक तहको ०-१० कक्षाका लागि -१४ जना

माध्यामिक तहको ०-१२ कक्षाका लागि - १६ जना

आधारभूत तहा ०-८ कक्षाका लागि -९ जना

आधारभूत तहा ०-५ कक्षाका लागि -४ जना

प्रारम्भिक बालविकास केन्द्रका लागि -२ जना

(ढ) विद्यालयको स्थायी आय स्रोत हुनुपर्ने

(ण) विद्यालयमा प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनुपर्ने,

(त) आवसीय विद्यालयको लागि आवास भवन हुनुपर्ने,

(थ) विद्यालयको हातामा पर्खाल वा बारले घेरिएको हुनुपर्ने,

(द) भाडाका भवनमा द्यिालयको सञ्चालन गर्ने भए कम्तिमा पाँच वर्ष घर भाडा सम्बन्धी सम्झौता भएकोहुनुपर्ने ।

प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहिने पूर्वाधार

(क) फाराकिलो, खुला र सुरक्षित भवन भएको,

(ख) भवनले चर्चेको जग्गा पहाडी वा हिमाली क्षेत्र भएमा कम्तीमा एक रोपनी र तराई क्षेत्र भएमा कम्तीमा दुइ कट्ठा भएको,

(ग) वाल उद्यानको व्यवस्था भएको ,

(घ) सफा र स्वच्छ खानेपानीको व्यवस्था भएको,

(ङ) शौचालयको व्यवसथ भएको,

(च) बाल बालिकाको हेरचाह गर्ने कम्तीमा दुइजना व्यक्ति भएको

# अनुसूची -२
## विद्यालय सञ्चालन गर्न दिइने अनुमति

श्री ...............................
..............................।

विद्यालय खोल्ने सम्बन्धमा मिति ..............................मा प्राप्त निवेदन उपर कारवाही हुँदा बैजनाथ गाउँपालिकामा आधारभूत तथा माध्यामिक विद्यालय सञ्चालनको अनुमति प्रदान तथा व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका, २०७४ को नियम ४ बमोजिमको पूर्वाधार पूरा गरेकोले शैक्षिक शत्र ...........................देखि आधार भूत/माध्यामिक तहको ..............कक्षासम्मको विद्यालय संचालन गर्न यो अनुमति दिइएको छ।

कार्यालयको छाप

अनुमति प्रदान गर्ने अधिकारीः
सहीः
नामः
पदः
मितिः

बोधार्थ
श्री ...................
................।
श्री...................